# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) र नियमावलीको नियम ३ बमोजिम स्वतः प्रकाशन गरिएको सार्वजनिक सूचना विवरण

**सूचना सार्वजनिक गर्ने निकायको नामः** राष्ट्रिय बाल अधिकार परिषद्

**सूचना सार्वजनिक गरेको अवधिः** २०७७ कात्तिकदेखि २०७७ पुसमसान्त सम्म

## १. निकायको स्वरूप र प्रकृति

बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९८९ लाई नेपालले सन् १९९० सेप्टेम्बर १४ तारिख वा वि.सं. २०४७ भदौ २९ गते अनुमोदन गरी पक्ष राष्ट्र भए पश्चात सो अनुरुपको व्यवस्था कार्यान्वयन गर्न बालबालिका सम्बन्धी ऐन, २०४८ बमोजिम केन्द्रीय बाल कल्याण समितिको स्थापना वि.सं. २०४९ साल मंसिर ४ गते भई यो समिति करीब पच्चीस वर्षभन्दा बढी बालबालिकाको हक हित संरक्षण र प्रवर्धन तथा कल्याण गर्नमा क्रियाशील रह्यो । साविकको केन्द्रीय बाल कल्याण समितिलाई नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७६/०३/१२ को निर्णयले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ५९ बमोजिम नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रीको अध्यक्षतामा रहने राष्ट्रिय बाल अधिकार परिषदमा प्रतिस्थापन तथा रूपान्तरण गरी परिषद् बालबालिकाको एक विशिष्टीकृत निकायको रुपमा रहेको छ । बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ५९ बमोजिमको परिषद्को अध्यक्षतामा बालबालिका सम्बन्धी (दोस्रो संशोधन) नियमावली, २०५१ को नियम ३ बमोजिम नेपाल सरकार महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सचिव, नेपाल प्रहरीका प्रहरी अतिरिक्त महानिरीक्षक, नेपाल सरकारका विषयगत मुख्य नौ मन्त्रालयका सह-सचिवहरु, राष्ट्रिय योजना आयोगका विषयगत सह-सचिव, सातवटै प्रदेश सामाजिक विकास मन्त्रालयका सचिवहरु, नेपाल सरकारले मनोनित गरेका चार जना नागरिक समाजका बाल अधिकारकर्मीहरु सदस्य र परिषद्का कार्यकारी निर्देशक सदस्य-सचिव सहित २५ (पच्चीस) सदस्यीय परिषद् गठन भई बाल अधिकार संरक्षण तथा प्रवर्धनका लागि निरन्तर क्रियाशील रहेको छ ।

## २. निकायको काम, कर्तव्य र अधिकारः

बालबालिका सम्बन्धी (दोस्रो संशोधन) नियमावली, २०५१ को नियम ३क मा परिषद्को मुख्य ११ (एघार)वटा काम, कर्तव्य र अधिकारहरु देहाय बमोजिम रहेको छः-

(क) राष्ट्रिय बाल अधिकार परिषद्को दीर्घकालीन नीति, योजना र वार्षिक कार्यक्रम तथा वजेट स्वीकृत गर्ने,

(ख) बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्धन र परिपूर्तिको लागि आवश्यक नीति, कानून, योजना, कार्यक्रम र संस्थागत संयन्त्रको व्यवस्था गर्न नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहलाई सुझाव दिने,

(ग) नेपाल सरकारद्वारा सञ्चालित बालबालिका सम्बन्धी कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा समीक्षा गरी सुझाव दिने,

(घ) नेपाल पक्ष रहेका बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि अन्तर्गत आवधिक प्रतिवेदन तयार गर्न सहजीकरण गर्ने,

(ङ) प्रदेश सरकार र स्थानीय तहद्वारा सञ्चालित बालबालिका सम्बन्धी कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा समीक्षाका लागि सम्बन्धित प्रदेश र स्थानीय बाल अधिकार समितिसँग समन्वय र आवश्यक सहजीकरण गर्ने,

(च) बाल अधिकार संरक्षण तथा प्रवर्धन गर्ने सम्बन्धमा सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने,

(छ) प्रदेश र स्थानीय बाल अधिकार समितिबाट प्राप्त वार्षिक प्रतिवेदन तथा विवरण समेतको आधारमा बालबालिका सम्बन्धी राष्ट्रिय स्थिति प्रतिवेदन वार्षिक रुपमा सार्वजनिक गर्ने,

(ज) बालबालिका सम्बन्धी राष्ट्रिय सूचना प्रणालीको विकास, सञ्चालन, व्यवस्थापन तथा सुदृढीकरण गर्ने,

(झ) राष्ट्रिय बाल अधिकार परिषद्को कार्यालय, कर्मचारी दरबन्दी तथा जनशक्ति र आर्थिक स्रोत साधनको व्यवस्था मिलाउने, परिचालन गर्ने, तालीम दिने तथा क्षमता अभिवृद्धि गर्ने,

(ञ) नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिई बाल संरक्षण तथा बाल अधिकार प्रवर्धनका लागि द्विपक्षीय तथा बहुपक्षीय विकास साझेदार एवम् अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त सहायता परिचालन गरी आवश्यकता अनुसार कार्यक्रम सञ्चालन गर्ने,

(ट) नेपाल सरकारको स्वीकृत योजना, वार्षिक नीति तथा कार्यक्रम अनुकूल प्राथमिकता निर्धारण गरी बाल संरक्षण तथा बाल अधिकार प्रवर्धनका लागि विशेष राष्ट्रिय अभियान सञ्चालन गर्ने ।

## ३. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण

-कार्यकारी निर्देशक-१, स्थायी दरवन्दी संख्या-६, अस्यायी दरवन्दी संख्या-१४ र परियोजनामा समेतमा कार्यरत गरी जम्मा ३४ जना कर्मचारीहरु कार्यरत रहेका छन् ।

-प्रशासकीय प्रमुखको रुपमा कार्यकारी निर्देशक रहने परिषद्को कार्य विभाजन देहाय बमोजिम रहेको छः-

### १. कार्यकारी निर्देशक तथा सचिवालय शाखा

| क्र.सं. | नाम | पद | भूमिका | कार्य विवरण |
|---|---|---|---|---|
| १ | मिलन राज धरेल | कार्यकारी निर्देशक | प्रशासकीय प्रमुख/परिषद् सदस्य-सचिव | कानूनमा तोकिए बमोजिम |
| २ | केशव चालिसे | परियोजना संयोजक | सचिवालय सञ्चालन तथा व्यवस्थापन | तोकिए बमोजिम |
| ३ | सुमन अधिकारी | समन्वय अधिकृत | प्रदेश नं. १ बाल अधिकार संरक्षण तथा प्रवर्धनका लागि प्रदेश समन्वय अधिकृत | तोकिए बमोजिम |

| | | | | |
|---|---|---|---|---|
| ४ | डम्बरबहादुर रोकाय | समन्वय अधिकृत | कर्णाली प्रदेश बाल अधिकार संरक्षण तथा प्रवर्धनका लागि प्रदेश समन्वय अधिकृत | तोकिए बमोजिम |
| ५ | श्रीषा पौडेल | कार्यक्रम सहायक | सचिवालय सञ्चालन व्यवस्थापन तथा बाल संरक्षण समन्वय व्यवस्थापन अभिलेखीकरण सहयोगी | तोकिए बमोजिम |
| ६ | सन्तोषी श्रेष्ठ | कार्यक्रम सहायक | सूचना व्यवस्थापन तथा अभिलेखीकरण सहयोगी | तोकिए बमोजिम |
| | बालबालिका खोजतलास समन्वय केन्द्र (१०४) सञ्चालन सचिवालय | | | |
| | बाल हेल्पलाइन नं. १०९८ नेपाल सञ्चालन सचिवालय | | | |
| | सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन सञ्चालन सचिवालय | | | |
| | बाल गृह अनुगमन, उद्धार, पुनःस्थापना तथा पुनर्मिलन समन्वय सचिवालय | | | |

## २. प्रशासन, योजना तथा सूचना शाखा

| क्र.सं. | नाम | पद | भूमिका | कार्य विवरण |
|---|---|---|---|---|
| १ | रामबहादुर चन्द | अधिकृत/ सूचना अधिकारी | प्रशासन, योजना, वार्षिक कार्यक्रम तर्जुमा कार्यान्वयन र प्रतिवेदन, सूचना सञ्चालन तथा व्यवस्थापन | तोकिए बमोजिम |
| २ | देबकी आचार्य | परियोजना अधिकृत | प्रशासन, योजना र बाल संरक्षण समन्वय र सहायता व्यवस्थापन | तोकिए बमोजिम |
| ३ | धिरज प्रसाइ | लेखा/कार्यक्रम सहायक | लेखा तथा स्टोर सहयोगी | तोकिए बमोजिम |

| | | | | |
|---|---|---|---|---|
| ४ | पूजा अर्याल | टेलिफोन अपरेटर | दर्ता, चलानी र फोन सम्पर्क सञ्चालन तथा सञ्चार व्यवस्थापन सहयोगी | तोकिए बमोजिम |
| ५ | मधुकर के.सी. | हलुका स.चालक | सवारी चालक | |
| ६ | मोहनकृष्ण श्रेष्ठ | हलुका स.चालक | सवारी चालक | |
| ७ | चित्रबहादुर भण्डारी | हलुका स.चालक | सवारी चालक | |
| ८ | माया बलामी | कार्यालय सहयोगी | सरसफाइ र सहयोगी सेवा | |
| ९ | मधुकार महर्जन | कार्यालय सहयोगी | सरसफाइ र पत्र पुर्याउने | |
| | **बालबालिका खोजतलास समन्वय केन्द्र (१०४) भृकुटीमण्डप, काठमाडौं** | | | |
| १० | सन्तोषचन्द्र अधिकारी | कार्यक्रम अधिकृत | १०४ सेवा प्रवाह सञ्चालन तथा व्यवस्थापन अभिवृद्धि | तोकिए बमोजिम |
| ११ | सुमन पण्डित | कार्यक्रम सहायक | १०४ सेवा सञ्चालन तथा व्यवस्थापन सहयोगी | तोकिए बमोजिम |
| १२ | सन्तोष चन्द | कार्यक्रम सहायक | १०४ सेवा सञ्चालन तथा व्यवस्थापन सहयोगी | तोकिए बमोजिम |
| १३ | दिपेन श्रेष्ठ | कार्यक्रम सहायक | १०४ सेवा सञ्चालन तथा व्यवस्थापन सहयोगी | तोकिए बमोजिम |
| १४ | मनबहादुर थापा | कार्यक्रम सहायक | १०४ सेवा सञ्चालन तथा व्यवस्थापन सहयोगी | तोकिए बमोजिम |
| १५ | इन्दिरा पाण्डे (थापा) | कार्यक्रम सहायक | १०४ सेवा सञ्चालन तथा व्यवस्थापन सहयोगी | तोकिए बमोजिम |
| १६ | पुष्पा राई | कार्यक्रम सहायक | १०४ सेवा सञ्चालन तथा व्यवस्थापन सहयोगी | तोकिए बमोजिम |
| १७ | सविन वाइबा | हेभी स.चालक | सवारी चालक | तोकिए बमोजिम |
| १८ | सरिता गुरुङ | कार्यालय सहयोगी | सरसफाइ र सहयोगी सेवा | तोकिए बमोजिम |

## ३. लेखा शाखा

| क्र.सं. | नाम | पद | भूमिका | कार्य विवरण |
|---|---|---|---|---|
| १ | राजु बराल क्षेत्री | लेखापाल | आर्थिक प्रशासन सञ्चालन तथा व्यवस्थापन | तोकिए बमोजिम |
| २ | प्रतिमा नेपाल | लेखा अधिकृत | परियोजना सम्बन्धी लेखा व्यवस्थापन समेत | तोकिए बमोजिम |

## ४. बाल संरक्षण समन्वय तथा सहायता शाखा

| क्र.सं. | नाम | पद | भूमिका | कार्य विवरण |
|---|---|---|---|---|
| १ | नमुना भुसाल | कार्यक्रम व्यवस्थापक/लैंगिक सम्पर्क व्यक्ति | बाल संरक्षण समन्वय तथा सहायता व्यवस्थापन | तोकिए बमोजिम |
| २ | सुनीता शाह | बाल संरक्षण अधिकृत | बाल गृह अनुगमन, उद्धार, प्रतिवेदन तथा संरक्षण व्यवस्थापन | तोकिए बमोजिम |
| ३ | पबिता श्रेष्ठ | बाल संरक्षण अधिकृत | बाल संरक्षण संस्थागत संयन्त्र समन्वय तथा व्यवस्थापन | तोकिए बमोजिम |
| ४ | लोचन रेग्मी | कार्यक्रम सहायक | बाल संरक्षण र बाल गृह अनुगमन सहयोगी | तोकिए बमोजिम |
| ५ | मीना के.सी. | कार्यक्रम सहायक/स्वकीय सचिव | बाल संरक्षण र बाल गृह अनुगमन सहयोगी | तोकिए बमोजिम |
| ६ | देवीप्रसाद डोटेल | कार्यक्रम सहायक | बाल संरक्षण र बाल गृह अनुगमन सहयोगी | तोकिए बमोजिम |

### ५. बाल अधिकार प्रवर्धन शाखा


| क्र.सं. | नाम | पद | भूमिका | कार्य विवरण |
|---|---|---|---|---|
| १ | ज्ञानेन्द्रकुमार श्रेष्ठ | परियोजना प्रमुख | अध्यन, अनुसन्धान तथा नीतिगत परामर्श | तोकिए बमोजिम |
| २ | आत्माराम थापा | परियोजना संयोजक | अध्यन, अनुसन्धान तथा बाल अधिकार प्रवर्धन | तोकिए बमोजिम |

## ४ .निकायबाट प्रदान गरिने सेवाः

- बालबालिकासँग सम्बन्धित विषयहरूको कानूनी, नीतिगत, कार्यक्रमगत र संरचनागत परामर्श तथा सुझाव ।
- बालबालिका खोजतलास नं. १०४ सञ्चालन तथा व्यवस्थापन समन्वय, सहयोग, सहजीकरण र सहकार्य ।
- बाल हेल्पालाइन नं. १०९८ नेपाल सञ्चालन तथा व्यवस्थापन समन्वय, सहयोग, सहजीकरण र सहकार्य ।
- बाल गृह अनुगमन, सञ्चालन तथा व्यवस्थापन समन्वय, सहयोग र सहजीकरण ।
- सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन समन्वय, सहयोग, सहजीकरण र सहकार्य ।
- विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षण, व्यवस्थापन समन्वय सहयोग र सहजीकरण ।
- बाल सहभागिता अभिवृद्धि समन्वय, सहयोग तथा सहजीकरण ।
- आर्थिक राहत सहयोग (व्यक्तिगत र संस्थागत)।
- सरोकारवालाको क्षमता अभिवृद्धि तथा अभिमूखीकरण ।
- सम्बन्धित निकाय, संघ संस्था तथा सरोकारवालाहरु बीचको समन्वय, सहयोग र सहजीकरण ।
- हिंसा तथा कसूर पीडित बालबालिकाको उद्धार, संरक्षण, पुनःस्थापना र पुनर्मिलन व्यवस्थापन ।
- बाल अधिकार सम्बन्धी अवस्थाको जानकारी तथा सूचना व्यवस्थापन एवम् राष्ट्रिय स्थिति प्रतिवेदन प्रकाशन र वितरण ।
- अस्थायी संरक्षण सेवा केन्द्र, पुनःस्थापना केन्द्र तथा बाल गृह सञ्चालन तथा व्यवस्थापन मापदण्ड निर्माण सहयोग तथा सहजीकरण ।
- बालबालिका सम्बन्धी कानून (ऐन, नियम, कार्यविधि लगायत निर्देशिका) निर्माण तथा संशोधन कार्यमा सहजीकरण ।
- बालबालिका सम्बन्धी तथ्याङ्क संकलन तथा व्यवस्थान ढाँचा निर्माण तथा सहजीकरण ।
- विभिन्न माध्यमबाट जानकारीमा आएका बाल संरक्षण सम्बन्धी घटनाहरूको अनुगमन, सम्बोधन तथा व्यवस्थापन सहजीकरण ।

- सम्बन्धित स्थानीय तह तथा प्रदेशबाट समस्या सम्बोधन हुन नसकेका तथा जोखिममा रहेका वा पीडित भएका बालबालिकाको उद्धार तथा घटना सम्बोधन सहजीकरण ।
- बालबालिका विरुद्धको हिंसा र बाल यौन दुर्व्यवहारमा परेका बालबालिकाको उद्धार, संरक्षण तथा व्यवस्थापनमा सहजीकरण र सहयोग ।
- बालबालिका सम्बन्धी सूचना सम्प्रेषण तथा प्रवाह ।
- प्रदेश तथा स्थानीय तहमा बाल अधिकार प्रवर्धन र बालबालिका सम्बन्धी कानूनी तथा नीतिगत व्यवस्था कार्यान्वयनमा सहजीकरण ।

**५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी**




| | |
|---|---|
| **प्रशासन, योजना तथा सूचना शाखाः** | श्री रामबहादुर चन्द |
| **लेखा शाखाः** | श्री राजु बराल क्षेत्री |
| **बाल अधिकार प्रवर्धन शाखाः** | श्री ज्ञानेन्द्रकुमार श्रेष्ठ |
| **बाल संरक्षण समन्वय तथा सहायता शाखाः** | श्री नमुना भुसाल |
| **कार्यकारी निर्देशक तथा सचिवालय शाखाः** | श्री केशव चालिसे |

**६. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि**

- निःशुल्क

**७. निर्णय गर्ने प्रक्रिया र अधिकार**

- **प्रशासनिक निर्णय गर्ने प्रक्रिया र अधिकारः** सम्बन्धित अधिकृत वा शाखा प्रमुखले पेश गरेको विषयमा कार्यकारी निर्देशकले । सम्बन्धित अधिकृत वा शाखा प्रमुखले टिप्पणी मार्फत प्रस्ताव गरेको विषयमा अन्य सम्बन्धित शाखाको राय वा सुझाव लिएर वा नलिएर कार्यकारी निर्देशकले निर्णय गर्ने ।

- **नीतिगत निर्णय गर्ने प्रक्रिया र अधिकारः** राष्ट्रिय बाल अधिकार परिषद् बैठक तथा अध्यक्षले निर्णय गर्ने र त्यसलाई कार्यकारी निर्देशक/सदस्य-सचिवले प्रमाणित गर्ने । कुनै नीतिगत विषयमा परिषद् अध्यक्षको हैसियतमा गर्नु पर्ने निर्णयका लागि सम्बन्धित शाखा प्रमुखले टिप्पणी मार्फत प्रस्ताव गरेको विषयमा कार्यकारी निर्देशकको स्वीकृतिमा अध्यक्षले परिषद् निर्णय गर्ने ।
- **उल्लिखित बाहेका अन्य निर्णयका लागिः** प्रचलित कानून बमोजिम ऐन वा नियमावली वा कार्यविधि वा निर्देशिका वा मापदण्डमा तोकिए बमोजिमको प्रक्रिया र अधिकार बमोजिम निर्णय हुने ।

## ८. निर्णयउपर उजुरी सुन्ने अधिकारी

-कार्यकारी निर्देशक र परिषद्

## ९. सम्पादन गरेको कामको विवरण

-वेवसाइटमा प्रकाशन गरिएका मासिक कार्य सम्पादन (कात्तिक-पुस) विवरण अनुसार

## १०. सूचना अधिकारी र प्रमुखको नाम र पद

| | |
|---|---|
| **कार्यालय प्रमुखः** | कार्यकारी निर्देशक, श्री मिलनराज धरेल ०१- ५५५०१२१ |
| **सूचना अधिकारीः** | अधिकृत, श्री रामबहादुर चन्द ०१- ५५५०१४७ (मोबाइल नं. ९८४१३८६८७१) |

## ११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

- बालबालिका सम्बन्धी ऐन, २०७५
- बालबालिका सम्बन्धी (दोस्रो संशोधन) नियमावली, २०५१
- द्वन्द्व प्रभावित बालबालिका संरक्षण तथा विकास कार्यक्रम (कार्यान्वयन) निर्देशिका, २०६०
- बाल अधिकार संरक्षण तथा सम्वर्धन कार्यक्रम (कार्यान्वयन) निर्देशिका, २०६५
- आवासीय बालगृहको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०६९
- बाल संरक्षण आर्थिक राहत सहयोग कार्यविधि, २०७६
- बालबालिका खोजतलास नम्बर १०४ सञ्चालन निर्देशिका, २०७६
- बाल हेल्पलाइन नम्बर १०९८ नेपाल सञ्चालन कार्यविधि, २०७६
- सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन सम्बन्धी एकीकृत कार्यविधि, २०७६
- अपाङ्गता भएका बालबालिकाको संरक्षणको लागि स्थापना भएका बाल गृहलाई अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७७

## १२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

| | | |
|---|---|---|
| नेपाल सरकार स्रोतः | वार्षिक स्वीकृत वजेट रकम | रु. ६,३१,५०,०००/ |
| | तीन महिनाको खर्च रकम | रु. १,५१,८०,४७०/ |
| वैदेशिक अनुदान सहयोगः | तीन महिनाको आम्दानी रकम | रु. ३७,२२,८२१/ |
| | तीन महिनाको खर्च रकम | रु. २४,४९,४९७/ |

**१३. तोकिए बमोजिमका अन्य विवरणः नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति तथा अमेरिकी सरकारको** सहयोगमा एक्प्याट लक्समबर्ग मार्फत बाल गृहमा हुने अनधिकृत बालबालिकाको ओसार पसार, नियन्त्रण तथा रोकथाम र सचेतना अभिवृद्धिको लागि बागमती, गण्डकी र कर्णाली प्रदेशका केही जिल्ला र स्थानीय तहमा परिषद्, शक्ति समूह र सेलर्डको सहकार्यमा **सुरक्षाका लागि साथ साथ** परियोजना सञ्चालन गरिएको छ ।

**१४. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण**

<u>आ.व. २०७६/७७</u>

| | |
|---|---|
| आयोजनाको नामः | बाल कल्याण समिति |
| व.उ.शी.नं. : | ३४०८१०११ |
| वार्षिक वजेट रकमः | रु. १३,०९,००,०००/ |
| वार्षिक खर्च रकमः | रु. ६,४८,४३,०००/ |
| वार्षिक भौतिक प्रगतिः | ९४.५०% |
| वार्षिक वित्तीय प्रगतिः | ४९.५४% |

<u>मुख्य मुख्य उपलब्धिहरु</u>

- **<u>बालबालिका खोजतलास नम्बर १०४ सेवा सञ्चालन तथा व्यवस्थापनः</u>** बालबालिका खोजतलास नं. १०४ मार्फत देशभरी हराएका २ हजार ७२९ जना बालबालिका मध्ये खोजतलास गरी फेला परेका २ हजार २१९ जना र बेवारिस फेला परेका ३३७ जना बालबालिका मध्ये १८२ जनालाई पारिवारिक पुनर्मिलन र १५५ जनालाई बाल गृहमा पुनःस्थापना गरिएकोमा यसरी २ हजार ५५६ (बालक ९३२ र बालिका १६२४) जना बालबालिकाको पारिवारिक पुनर्मिलन गरिएको ।
- **<u>बाल हेल्पलाइन नं. १०९८ नेपाल सेवा सञ्चालन तथा व्यवस्थापनः</u>** बाल हेल्पलाइन नं. १०९८ नेपाल मार्फत जोखिममा परी आपत्कालीन अवस्थामा रहेका १ हजार ४६४ जना बालबालिका(बालक ७४४ र बालिका ७२०)को उद्धार गरिएकोमा उद्धा गरिएका सहित अन्य गरी ८ हजार ७४४ जना बालबालिकालाई राहत, मनोविमर्श पारिवारिक परामर्श, शैक्षिक, कानूनी, जीविकोपार्जन सहयोग तथा अल्पकालीन आश्रय लगायत स्वास्थ्य उपचार सेवा उपलब्ध गराइएको ।
- **<u>आर्थिक राहत सहयोगः</u>** अनाथ, असहाय, टुहुरा वा अपाङ्गता भएका वा गम्भीर प्रकृतिको रोगका कारण कठिन अवस्थामा रहेका ५३ जना बालबालिकालाई आर्थिक राहत सहयोग प्रदान गरिएको ।
- **<u>विशेष हेरचाह तथा संरक्षणको आवश्यकता भएका बालबालिका संरक्षण गर्ने बाल गृह अनुदानः</u>** ॐ अपाङ्गता बालबालिका स्याहार केन्द्र काठमाडौं र द्वन्द्व पीडित तथा अपाङ्ग पुनर्स्थापना

समाज नेपाल, सांखु, काठमाडौंमा रहेका दुइवटै संस्था तथा बाल गृहमा रहेका ५९ जना बालबालिकाको संरक्षण र स्याहारका लागि ती संस्थाहरूलाई सहयोग गरिएको ।

- **<u>सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापनः</u>** काठमाडौं उपत्यका, बनेपा, धरान, इटहरी दमक, पोखरा र सुर्खेतका सडकबाट पहिलो पटक उद्धार गरिएका सडक बालबालिका ४६५ जना (बालक ३७८ र बालिका ८७), काठमाडौं उपत्यका बाहिरबाट मात्रै ८५ जनाको उद्धार गरिएकोमा दोहोरिएर उद्धार भएका बालबालिका ११७ जना (बालक ९२ र बालिका २५) सहित कूल ५८२ (बालक ४७० र बालिका ११२) सडक बालबालिकाको उद्धार गरी पुनःस्थापना तथा संरक्षण व्यवस्थापन गरिएको ।
- **<u>बाल गृह अनुगमन, व्यवस्थापन तथा पृष्ठपोषणः</u>** काठमाडौं, ललितपुर, नुवाकोट, बांके, सुर्खेत, कैलाली, कन्चनपुर, चितवन, मकवानपुर, सर्लाही, मोरङ र सुनसरी गरी १२ जिल्लामा सञ्चालित २१६ वटा बाल गृहहरुको अनुगमन गरिएको, अनुगमन गरिएका मध्येः १०२ वटा राम्रो, १०० वटा सन्तोषजनक र १४ वटा बाल गृह मापदण्ड बमोजिम सञ्चालन नभएको पाइएकोले आवश्यक निर्देशन तथा पृष्ठपोषण गरिएकोमा यी मध्ये ६ वटा बाल गृहबाट ५५ जना (बालक १९ र बालिका ३६) बालबालिकाको उद्दार गरी कारबाहीको दायरामा ल्याइएको तथा उद्धार गरिएका मध्ये ५२ जनालाई परिवारमा पुनर्मिलन गरिएको छ भने ३ जना बालकलाई अस्थायी संरक्षण केन्द्रमा पुनःस्थापना गरिएको ।
- **<u>क्षमता अभिवृद्धिः</u>** बागमती प्रदेश, प्रदेश नं. १ र २ का ३५ जिल्लामा रहेका नेपाल प्रहरीका सबै महिला, बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द्र, मुद्दा फाँट र सञ्चार शाखाका २९३ जना प्रहरी कर्मचारीहरूलाई बालबालिका खोजतलास नं. १०४ को सेवाप्रवाह सञ्चालन तथा व्यवस्थापन र बाल अधिकार प्रवर्धन बारे अभिमूखीकरण गरी क्षमता अभिवृद्धि गरिएको ।
- **<u>कार्यविधि/निर्देशिका निर्माणः</u>** बालबालिका खोजतलास नं. १०४ सञ्चालन निर्देशिका २०७६, सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन सम्बन्धी एकीकृत कार्यविधि २०७६, बाल हेल्पलाइन नं. १०९८ नेपाल सञ्चालन कार्यविधि, २०७६ र अपाङ्गता भएका बालबालिकाको संरक्षणको लागि स्थापना भएका बाल गृहलाई अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७७ निर्माण गरी मन्त्रालयबाट स्वीकृत गरी लागू गरिएको तथा बालबालिकाप्रति गरिने शारीरिक तथा मानसिक यातना, पीडा तथा दुर्व्यवहार निषेध र नियन्त्रण राष्ट्रिय निर्देशिका, २०७६ को मस्यौदा निर्माण गरी स्वीकृतिका लागि मन्त्रालयमा पेश गरिएको ।

## १५. सार्वजनिक निकायको वेवसाइट भए सोको विवरण

- वेवसाइटः www.ncrc.gov.np
- इपोर्टलः- www.childrights.gov.np

## १६. सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण

-बाल संरक्षण र बाल अधिकार प्रवर्धनका लागि युनिसेफ नेपाल र सेभ द चिल्ड्रेनको अनुदान सहयोगमा परियोजना कार्यक्रम सञ्चालनका लागि रु. ३७,२२,८२१/ प्राप्त गरी रु. २४,४९,४९७/ को कार्यक्रम सञ्चालन गरिएको ।

**१७. सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन**

<u>आ.व. २०७७/७८ (कात्तिक-पुस)</u>

| | |
|---|---|
| आयोजनाको नामः | बाल कल्याण समिति (परियोजना समेत गरी) |
| व.उ.शी.नं. : | ३४०८१०११ |
| वार्षिक वजेट रकमः | रु. ६,८८,८२,०००/ |
| त्रैमासिक वजेट रकमः | रु. १,७२,२०,५००/ |
| त्रैमासिक खर्च रकमः | रु. १,७६,३०,०६६/ |
| त्रैमासिक भौतिक प्रगतिः | ६८% |
| त्रैमासिक वित्तीय प्रगतिः | १००% |

<u>मुख्य मुख्य उपलब्धिहरु</u>

- **<u>बालबालिका खोजतलास नम्बर १०४ सेवा सञ्चालन तथा व्यवस्थापनः</u>** बालबालिका खोजतलास नं. १०४ मार्फत देशभरी हराएका ९५४ जना बालबालिका मध्ये खोजतलास गरी फेला परेका ४३४ जना र बेवारिस फेला परेका ४४ जना बालबालिका मध्ये १९ जनालाई पारिवारमा पुनर्मिलन र २५ जनालाई बाल गृहमा पुनःस्थापना गरी कूल ४५३ जना बालबालिकाको पारिवारिक पुनर्मिलन गरिएको ।
- **<u>बाल हेल्पलाइन नं. १०९८ नेपाल सेवा सञ्चालन तथा व्यवस्थापनः</u>** बाल हेल्पलाइन नं. १०९८ नेपाल मार्फत जोखिममा परेका १२४ जना बालबालिका(बालक ४७ र बालिका ७७)को आकस्मकि आपत्कालीन उद्धार गरी संरक्षण तथा व्यवस्थापन गरिएको र विशेष संरक्षणको आवश्कता भएका सहित २ हजार ४०६ जना बालबालिकालाई राहत, मनोविमर्श, पारिवारिक परामर्श, शैक्षिक, कानूनी, जीविकोपार्जन सहयोग तथा अल्पकालीन आश्रय लगायत स्वास्थ्य उपचार सेवा उपलब्ध गराइएको, जसमध्ये ४० जनालाई तत्कालीन आश्रय, ८५ जनालाई परिवारमा पुनर्मिलन र ९ जनालाई पुनःस्थापना गरिएको ।
- **<u>आर्थिक राहत सहयोगः</u>** अनाथ, असहाय, टुहुरा वा अपाङ्गता भएका वा गम्भीर प्रकृतिको रोगका कारण कठिन अवस्थामा रहेका १७ जना बालबालिका (बालक ११ र बालिका ६)लाई आर्थिक राहत सहयोग प्रदान गरिएको ।
- **<u>विशेष हेरचाह तथा संरक्षणको आवश्यकता भएका बालबालिका संरक्षण गर्ने बाल गृह अनुदानः</u>** ॐ अपाङ्गता बालबालिका स्याहार केन्द्र काठमाडौं र द्वन्द्व पीडित तथा अपाङ्ग पुनर्स्थापना समाज नेपाल, सांखु, काठमाडौंमा रहेका दुइवटै संस्था तथा बाल गृहमा रहेका लगभग ५९

जना बालबालिकाको संरक्षण र स्याहारका लागि ती संस्थाहरूलाई सहयोग गरिएको ।

- **<u>सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापनः</u>** काठमाडौं उपत्यका, , धरान, इटहरी दमक, पोखरा, बुटवल, नारायणगढ र सुर्खेतबाट १२४ जना सडक बालबालिका(बालक ११० र बालिका १४)को उद्धार गरी पुनःस्थापना तथा संरक्षण व्यवस्थापन गरिएको ।
- **<u>बाल गृह अनुगमन, व्यवस्थापन तथा पृष्ठपोषणः</u>** काठमाडौं उपत्यकामा सञ्चालित ४७ वटा बाल गृहहरुको अनुगमन गरिएको, अनुगमन गरिएका केही बाल गृहहरु मापदण्ड बमोजिम सञ्चालन भएको नपाइएकोले आवश्यक निर्देशन तथा पृष्ठपोषण गरिएको ।
- **<u>क्षमता अभिवृद्धिः</u>** कर्णाली प्रदेश र प्रदेश नं. १ का २४ जिल्लामा रहेका नेपाल प्रहरीका सबै महिला, बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द्र र मुद्दा फाँटका ११९ जना नेपाल प्रहरीका प्रहरी कर्मचारीहरूलाई बालबालिका खोजतलास नं. १०४ को सेवाप्रवाह सञ्चालन तथा व्यवस्थापन र बाल अधिकार प्रवर्धन बारे अभिमूखीकरण गरी क्षमता अभिवृद्धि गरिएको ।

**१८. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि**

| क्र. सं. | सूचनाको वर्गीकरण | सूचनाको नामावली | अवधि | कैफियत |
|---|---|---|---|---|
| १. | सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन सम्बन्धी | सडक बालबालिका उद्धार तथा पुनःस्थापना संख्या | कम्तीमा २० वर्ष | मासिक, त्रैमासिक र वार्षिक रुपमा अद्यावधिक गरिने |
| | | पारिवारिक पुनर्मिलन संख्या | ,, ,, ,, | ,, ,, ,, ,, ,, ,, ,, |
| | | दीर्घकालीन पुनःस्थापना संख्या (बाल गृहमा रहेका) | ,, ,, ,, | ,, ,, ,, ,, ,, ,, ,, |
| | | सेवा केन्द्रमा आश्रित बालबालिका संख्या (अस्थायी संरक्षण सेवा केन्द्र तथा लागू औषध उपचार पुनःस्थापना केन्द्र र सामाजिकीकरण केन्द्रमा सुधारका लागि रहेका बालबालिका) | ,, ,, ,, | ,, ,, ,, ,, ,, ,, ,, |

| | | | | |
|---|---|---|---|---|
| | | संस्थागत क्षमता अभिवृद्धि गरिएको संख्या र सहभागी संख्या | ,, ,, ,, | ,, ,, ,, ,, ,, ,, ,, |
| २. | बालबालिका खोजतलास नं. १०४ को सेवा प्रवाह सम्बन्धी | हराएका बालबालिका तथा हराएका मध्ये फेला परेका बालबिलका संख्या | कम्तीमा २० वर्ष | ,, ,, ,, ,, ,, ,, ,, |
| | | बेवारिस फेला परेका बालबिलका संख्या | ,, ,, ,, | ,, ,, ,, ,, ,, ,, ,, |
| | | परिवारमा पुनर्मिलन गरिएका बालबालिका संख्या | ,, ,, ,, | ,, ,, ,, ,, ,, ,, ,, |
| | | अस्थायी संरक्षण सेवा केन्द्र वा बाल गृहमा राखिएका बालबालिका संख्या | ,, ,, ,, | ,, ,, ,, ,, ,, ,, ,, |
| | | संस्थागत क्षमता अभिवृद्धि गरिएको संख्या र सहभागी संख्या | ,, ,, ,, | ,, ,, ,, ,, ,, ,, ,, |
| ३. | बाल हेल्पलाइन नं. १०९८ नेपालको सेवा प्रवाह सम्बन्धी | जोखिममा परी उद्धार गरिएका बालबालिका संख्या | कम्तीमा २० वर्ष | ,, ,, ,, ,, ,, ,, ,, |
| | | परिवारमा पुनर्मिलन गरिएका बालबालिका संख्या | ,, ,, ,, | ,, ,, ,, ,, ,, ,, ,, |
| | | आकस्मिक अल्पकालीन आश्रयमा रहेका बालबालिका संख्या | ,, ,, ,, | ,, ,, ,, ,, ,, ,, ,, |
| | | पुनःस्थापना गरिएका बालबालिका संख्या | ,, ,, ,, | ,, ,, ,, ,, ,, ,, ,, |

| | | | | |
|---|---|---|---|---|
| | | मनोविमर्श लगायतको सेवा तथा विभिन्न सहयोग प्रदान गरिएका बालबालिका संख्या | ,, ,, ,, | ,, ,, ,, ,, ,, ,, ,, |
| | | आर्थिक सहयोग रकम | ,, ,, ,, | ,, ,, ,, ,, ,, ,, ,, |
| | | संस्थागत क्षमता अभिवृद्धि गरिएको संख्या र सहभागी संख्या | ,, ,, ,, | ,, ,, ,, ,, ,, ,, ,, |
| ४. | बाल गृह अनुगमन, उद्धार, संरक्षण तथा व्यवस्थापन सम्बन्धी | अनुगमन गरिएका बाल गृह संख्या | कम्तीमा २० वर्ष | ,, ,, ,, ,, ,, ,, ,, |
| | | बाल गृहबाट उद्धार गरिएका बालबालिका संख्या | ,, ,, ,, | ,, ,, ,, ,, ,, ,, ,, |
| | | परिवारमा पुनर्मिलन गरिएका बालबालिका संख्या | ,, ,, ,, | ,, ,, ,, ,, ,, ,, ,, |
| | | पुनःस्थापना गरिएका बालबालिका संख्या | ,, ,, ,, | ,, ,, ,, ,, ,, ,, ,, |
| | | संरक्षणका लागि बाल गृहमा पठाइएका बालबालिका संख्या | ,, ,, ,, | ,, ,, ,, ,, ,, ,, ,, |
| | | आर्थिक सहयोग रकम | ,, ,, ,, | ,, ,, ,, ,, ,, ,, ,, |
| | | संस्थागत क्षमता अभिवृद्धि गरिएको संख्या र सहभागी संख्या | ,, ,, ,, | ,, ,, ,, ,, ,, ,, ,, |
| ५. | आर्थिक राहत, सहयोग वितरण सम्बन्धी | सहयोग पाउने बालबालिकाको संख्या | कम्तीमा २० वर्ष | ,, ,, ,, ,, ,, ,, ,, |

| | | | | |
|---|---|---|---|---|
| | | सहयोग पाउने संस्थाको संख्या | ,, ,, ,, | ,, ,, ,, ,, ,, ,, ,, |
| | | व्यक्तिगत आर्थिक सहयोग रकम | ,, ,, ,, | ,, ,, ,, ,, ,, ,, ,, |
| | | संस्थागत आर्थिक सहयोग रकम | ,, ,, ,, | ,, ,, ,, ,, ,, ,, ,, |
| ६. | अन्य प्रकारका बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन सम्बन्धी | बालश्रमबाट उद्धार, संरक्षणमा समन्वय तथा सहयोग गरिएका बालबालिका | कम्तीमा २० वर्ष | ,, ,, ,, ,, ,, ,, ,, |
| | | सडकमा मागि हिड्ने बालबालिका | ,, ,, ,, | ,, ,, ,, ,, ,, ,, ,, |
| | | हिंसा प्रभावित बालबालिका | ,, ,, ,, | ,, ,, ,, ,, ,, ,, ,, |
| | | दुर्व्यवहारबाट पीडित बालबालिका | ,, ,, ,, | ,, ,, ,, ,, ,, ,, ,, |

**१९. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सोउपर सूचना दिएको विवरण**

सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन, हराएका बालबालिका खोजतलास तथा व्यवस्थापन, बेवारिस बालबबालिका संरक्षण र बाल गृहमा रहेका बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन सम्बन्धी सूचना माग गरिएकोमा सो सम्बन्धी सूचना तथा जानकारी विवरण उपलब्ध गरिएको ।

**२०. सार्वजनिक निकायका सूचनाहरू अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरण**

-वेवसाइट र ईपोर्टलमा प्रकाशन गरिने,

-बालबालिका सम्बन्धी प्रत्यक वर्षको राष्ट्रिय स्थिति प्रतिवेदन अन्तर्राष्ट्रय बाल अधिकार दिवस नोभेम्बर २० तारिख तथा मंसिर ४ गते प्रकाशन गरिने,

-आवश्यकतानुसार कहिलेकाही राष्ट्रिय सूचनाहरु आमसञ्चार माध्ममबाट समेत प्रकाशन तथा प्रसारण गरिने गरिएको छ ।